# पाटन नगरपालिका

# राजपत्र

बैतडी जिल्ला, सुदूरपश्चिम प्रदेश, नेपाल

पाटन नगरकार्यपालिकाद्धारा प्रकाशित

भाग ३ बर्ष ४ अंक ६  २०७८ जेठ २४ गते, सोमबार

## सावधिक जीवन बिमा तथा दुर्घटना बिमा संचालन कार्यबिधि २०७८

नगर कार्यपालिकाबाट मिति २०७८।०२।२४ मा स्वीकृत भएको **सावधिक जीवन बिमा तथा दुर्घटना बिमा संचालन कार्यबिधि** २०७७ स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीको लागि देहाय बमोजिम प्रकाशन गरिएको छ ।

# सावधिक जीवन बीमा तथा दुर्घटना बीमा सञ्चालन कार्यविधि, २०७८

पाटन नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

पाटन, बैतडी

सुदुरपश्चिम प्रदेश, नेपाल

Scanned with CamScanner

# सावधिक जीवन बीमा तथा दुर्घटना बीमा सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावना :** यस पाटन नगरपालिकाका जनप्रतिनिधिहरु तथा राष्ट्रसेवक कर्मचारीहरु को सावधिक जीवन बीमा तथा दुर्घटना बीमाको व्यवस्था गर्न वाञ्छनीय देखिएकोले यो कार्यविधि बनाई लागू गरिएको छ।

## परिच्छेद - १

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सावधिक जीवन बीमा तथा दुर्घटना बीमा सञ्चालन कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "नगरपालिका" भन्नाले पाटन नगरपालिकालाई सम्झनु पर्दछ।

(ख) "जनप्रतिनिधि" भन्नाले पाटन नगरपालिका भित्रका निर्वाचित बहाल वाला प्रमुख, उपप्रमुख,वडाअध्यक्ष, वडा सदस्य र कार्यपालिका सदस्य समेतलाई सम्झनु पर्दछ।

(ग) "कर्मचारी" भन्नाले नगरपालिकामा कार्यरत स्थायी अस्थायी तथा सेवा करारमा रहेका सबै तहका कर्मचारीहरुलाई सम्झनु पर्दछ।

(घ) "बीमा व्यवसाय" भन्नाले जीवन बीमा व्यवसाय वा दुर्घटना बीमा समेतलाई सम्झनु पर्दछ।

(ङ) "जीवन बीमा व्यवसाय" भन्नाले कुनै व्यक्तिको जीवन सम्बन्धमा निजको आयुको आधारमा किस्ताबन्दी बुझाउने गरी कुनै खास रकम तिरेमा निजले वा निजको मृत्यु भएको अवस्थामा निजको हकवालाले कुनै खास रकम पाउने गरी गरिने करार सम्बन्धी व्यवसाय सम्झनु पर्दछ।

(च) "बीमालेख" भन्नाले बीमाको करारनामा सम्बन्धी अधिकार तथा दायित्व उल्लेख भएको लिखत सम्झनु पर्दछ।

(छ) "बीमित" भन्नाले जीवन बीमा गराउने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ।

(ज) "बीमा अभिकर्ता" भन्नाले बीमकको तलबी कर्मचारी नभई कमिशनको आधारमा बीमकको तर्फबाट काम गर्ने (बीमा ऐन, २०४९ दफा ३० बमोजिम) इजाजत पत्र प्राप्त व्यक्ति सम्झनु पर्दछ।

Scanned with CamScanner

(ञ) "कोष" भन्नाले नगरपालिकाभित्रका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई जीवन बीमा तथा दुर्घटना बीमाको कोष वा बिनियोजन गरेको रकम लाई सम्झनु पर्दछ ।

(ट) "समिति" भन्नाले नगरपालिकाभित्र जनप्रतिनिधि तथा कर्मचारीहरुको जीवन बीमा तथा दुर्घटना बीमा गर्न व्यवस्था गर्ने बनेको दफा १० बमोजिम गठित कोष संचालन समितिलाई सम्झनु पर्छ ।

(ठ) "अध्यक्ष" भन्नाले कोष संचालन समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ड) "सदस्य" भन्नाले कोष संचालन समितिका सदस्य सम्झनु पर्दछ र यस शब्दले समितिको अध्यक्षलाई समेत जनाउँदछ ।

## परिच्छेद - २

३. **कोष खडा गर्ने :** नगरपालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरुको जीवन बीमा तथा दुर्घटना बीमा गर्न एक कोष स्थापना गर्न सक्नेछ वा बजेट बिनियोजन गर्न सक्नेछ र त्यस्तो रकमको स्रोत नगरपालिकाको आन्तरिक आम्दानीबाट प्रबन्ध गरिनेछ ।

४. **बीमा गरिने :** नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुको सावधिक जीवन बीमाको लागि नेपाल सरकारबाट स्वीकृत प्राप्त बीमा कम्पनीसँग समितीले सोझै बीमालेखको सम्झौता गर्न सक्नेछ।

५. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई नगरपालिकाले तिन लाख देखि पाँच लाख सम्मको सावधिक जीवन बीमा गराउन सक्नेछन् र दुर्घटना बिमा अन्तर्गत पाच लाख सम्म गर्न सक्नेछन् ।

६. नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु आफ्नो कार्यसम्पादन गर्दाका बखत हुन सक्ने दुर्घटनाबाट हुने क्षति बापत बीमित पक्षले देहाय अनुसारको सुविधा प्राप्त हुने गरी बीमालेख तयार गर्ने व्यवस्था मिलाइनेछ ।

(क) दुर्घटनाको कारण मृत्यु भएमा बिमा रकमको आधारमा तिन लाख देखि पाँच लाख रुपैयाँ सम्म सावधिक जीवन बिमा तथा दुर्घटना बिमा अन्तर्गत प्राप्त गर्ने छन् ।

(ख) दुर्घटनाको कारणबाट श्रम नियमावली, २०५० मा उल्लेख भए बमोजिमका चोटपटकका कारणबाट ७५% भन्दा बढी असक्तता भएकोमा बिमा रकमको आधारमा तिन लाख देखि पाँच लाख रुपैयासम्म सावधिक जीवन बिमा तथा दुर्घटना बिमा अन्तर्गत प्राप्त गर्ने छन् ।

Scanned with CamScanner

(ग) खण्ड (क) र (ख) मा लेखिएको अवस्थामा बाहेक दुर्घटनाबाट उपचार बापत लाग्ने खर्चको हकमा बील बमोजिम बढीमा दुई लाख रुपैयाँसम्म वास्तविक उपचार खर्च दुर्घटना बिमा अन्तर्गत मात्र प्राप्त गर्ने छन् ।

तर, (क) दुर्घटना बिमा अन्तर्गत मात्र त्यस्तो उपचार खर्च मध्ये २०% बराबर रकम सम्बन्धित बीमितले नै व्यहोर्नु पर्छ र ८०% बीमकले व्यहोर्ने छ।

(ख) दुर्घटना बिमा अन्तर्गत मात्र उपचार खर्चको कुल रकम बीमाङ्को २% भन्दा कम भएको अवस्थामा बीमितले क्षतिपूर्ति दाबी गर्न पाउने छैन।

७. **बीमितले लाभ प्राप्त गर्ने अवस्था :** (१) बीमा लेख जारी भएकोमा बीमाबाट बीमितले आफ्नो कर्तव्यपालनको सिलसिलामा भएको दुर्घटनाका कारण उत्पन्न देहायको कुनै अवस्थामा लाभ प्राप्त गर्न सक्नेछ

- सावधिक जिवन बिमा अन्तर्गत

(क) बीमित व्यक्तिको मृत्यु भएमा।

(ख) बीमित व्यक्ति स्थायी रुपले पूर्ण वा आंशिक रुपमा अशक्त भएमा।

(ग) बीमित व्यक्ति अस्थायी रुपले पूर्ण अशक्त भएमा।

- दुर्घटना बिमा अन्तर्गत

(क) बीमित व्यक्तिको मृत्यु भएमा।

(ख) बीमित व्यक्ति स्थायी रुपले पूर्ण वा आंशिक रुपमा अशक्त भएमा।

(ग) बीमित व्यक्ति अस्थायी रुपले पूर्ण अशक्त भएमा।

(घ) बीमित व्यक्ति दुर्घटनामा परी घरमै बसेर उपचार गर्नुपर्ने अवस्थामा निजको औषधोपचारमा बील बमोजिमको लाग्ने खर्च बीमितले भराई लिन पाउनेछ।

(ङ) बीमित व्यक्तिको मृत्यु भएमा निजले इच्छाएको व्यक्तिले र ईच्छाएको व्यक्ति नभएमा नजिकको हकवालाले बीमा रकम बुझिलिन पाउनेछ।

Scanned with CamScanner

**८. बीमितले बीमा सुविधा प्राप्त गर्न नसक्ने अवस्था :** दफा ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि दुर्घटना बीमा अन्तर्गत देहायको अवस्था वा कारणबाट बीमितको मृत्यु भएमा वा निजलाई चोटपटक लागेमा देहाय बमोजिम सुविधा दाबी गर्न पाइने छैन।

(क) कार्यालयको कामको सिलसिलामा बाहेक जोखिम छ भन्ने जानीजानी काम गरेको कारणले आफैले चोट पटक लगाएको भएमा, आत्महत्या वा सो को प्रयास गरेमा, मादक पदार्थ वा लागुऔषधीको प्रभावको कारणले कुनै घटना घटेको भएमा।

(ख) प्रचलित कानून बमोजिम अनुमति प्राप्त हवाइजहाजमा यात्रा गरेको बाहेक अन्य उडानमा हवाइयात्रा गरी घटना घटेमा, कावा खेल्ने खेल (Wheel Race), घोडा दौड, बन्जी जम्पिङ, प्याराग्लाइडिङ वा मोटरसाइकल दौड, पोलो, सिकार, स्की ड्राइभिङ, पर्वतारोहण, निसानबाजी वा यस्तै साहसिक खेलमा संलग्न भएको कारण घटना घटेको भएमा।

(ग) होस ठेगाना नभएको कारणबाट सिर्जना भएको घटनामा बीमित व्यक्तिले प्रचलित कानून प्रतिकुल कार्य गरेका कारणबाट सिर्जीत परिणाममा, दुर्घटनाबाट नभई उत्वेग वा स्नायु सम्बन्धी चोटपटकका कारणबाट घटेको घटना भएमा।

(घ) मानव जीवन रक्षा गर्ने प्रयास गर्दा बाहेक नचाहिँदो खतरा मोल्ने कार्य गरे बापत दुर्घटना भएमा,

(ङ) आवणिक विकिरण वा आणविक इन्धनको विष्फोटन वा ज्वलन पछी बाँकी रहन गएको पदार्थबाट निस्कने रेडियोधर्मीताको कारण हुने दुर्घटनामा।

**९. बीमा शुल्क वा बीमितको योगदान :** यस कार्यविधि बमोजिम बीमा कार्यक्रममा सहभागी हरेक बीमितका लागि वार्षिक रुपमा बीमा शुल्क बुझाउनु पर्ने, यस नगरपालिकाका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरु सार्वजनिक पदमा रहुन्जेलसम्म नगरपालिकाले व्यहोर्ने छ।

तर, नगरपालिकाका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरु सार्वजनिक पदमा नरहेको अवस्थामा बीमालाई निरन्तरता दिन चाहेमा बीमित आफैले बीमा शुल्क बुझाउनु पर्नेछ।

## परिच्छेद - ३

**१०. कोषको सञ्चालन :** यस कार्यविधिको दफा ३ बमोजिम स्थापित कोषको संञ्चालन नगरपालिकाले देहाय बमोजिमको समिति गठन गरी गर्नेछ।

Scanned with CamScanner

**१: कोषको संञ्चालन समिती**

| | |
|---|---|
| (क) नगर प्रमुख: | अध्यक्ष |
| (ख) आर्थीक बिकास समिति संयोजक : | सदस्य |
| (ग) सामाजिक बिकास समिति संयोजक : | सदस्य |
| (घ ) कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य मध्येबाट एक जना महिला एक दलित सहित तिन जना : | सदस्य |
| (ङ) प्रमुख प्रशासकीय अधिकृत : | सदस्य-सचिव |

**२ :कोषको खाता संचालन**

यस कार्यविधिको दफा १० बमोजिम स्थापित कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थीक प्रसासन शाखा प्रमुखको दस्तखत बाट संञ्चालन गरिने छ।

**११. समितिको काम, कर्तव्य र अधिकार :** दफा १० बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

**१: कोषको संञ्चालन समिती**

(क) कोषको सञ्चालन तथा व्यवस्थापन गर्ने।

(ख) तोकिएको सावधिक तथा दुर्घटना बीमाको बीमा शुल्क नगरपालिकाको तर्फबाट व्यहोर्नु पर्ने दायित्व भुक्तानीका लागि खर्च गरिने रकमको अंश तोक्ने तथा भुक्तानी दिने।

(ग) सावधिक जीवन बिमा तथा दुर्घटना बीमा सम्बन्धी बीमक र बीमा कम्पनीसँग समन्वय गरी सम्झौता गर्ने गराउने।

(घ) सावधिक जीवन बिमा तथा दुर्घटना बीमा कार्यक्रममा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सहभागी गराउने।

(ङ) सावधिक तथा दुर्घटना बीमा सम्बन्धी भएका घटनाहरु बीमालेखमा भए बमोजिम सिफारिस गर्ने।

(च) कोषको लेखा तयार गर्ने।

Scanned with CamScanner

(छ) सावधिक जीवन बिमा तथा दुर्घटना बीमा कार्यक्रम अन्तर्गत बीमितहरुको शुल्कको नियमित भुक्तानीको व्यवस्था मिलाउने ।

(ज) बीमा व्यवसायसँग सम्बन्धित अन्य आवश्यक कार्य गर्ने गराउने ।

(झ) यस कार्यविधिमा व्यवस्था भएको कार्यहरुलाई कार्यन्वयन गराउने ।

**१२. कोष संचालन समितिको बैठक :** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ ।

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ ।

(४) समितिको कुल सदस्यको ६०% सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

**१३. प्रक्रिया निर्धारण गर्न सक्ने :** समितिले जनप्रतिनिधि तथा कर्मचारीहरुको सावधिक जीवन बिमा तथा दुर्घटना बीमाका सम्बन्धमा यस कार्यविधिमा व्यवस्था नभएका विषयमा आवश्यकता अनुसार थप प्रक्रया निर्धारण गर्न सक्नेछ ।

**आज्ञाले**
**राजेन्द्र प्रसाद भट्ट**
**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner